# मध्यपुर-थिमी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मध्यपुर थिमि

## शिलबन्दी बोलपत्र/दरभाउ पत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति (२०७४।१२।०१)**

यस नगरपालिका क्षेत्र भित्र देहायका कार्य गर्नुपर्ने भएकोले सम्बन्धित क्षेत्रको इजाजत प्राप्त व्यवसायीहरुवाट निम्न शर्तहरुको अधिनमा रहि शिलवन्दी बोलपत्र/दरभाउ पत्र आह्वान गरिएको छ।

१. बोलपत्र/दरभाउ पत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **३०औं(तिसौं**) र दरभाउ पत्रको हकमा **१५औं(पन्ध्रौं**) दिनसम्म कार्यालय समय भित्र इजाजत पत्र,फर्म दर्ताको प्रमाण पत्र,भ्याट दर्ता प्रमाण पत्र,आ.व.०७३/०७४को करचुक्ता कागजातको प्रमाणित प्रतिलिपी सहित उल्लेखित दस्तुर तिरी यस न.पा.कार्यालयबाट खरिद गर्न सकिनेछ । बोलपत्र/दरभाउ पत्र खरिद गर्न आउदा फर्म वा जे.भि.को आधिकारीक पत्र लिएर आउनु पर्नेछ ।

२. खरिद भएका बोलपत्र/दरभाउ पत्र फारामहरु यो प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा **३१ औं (एकतिसौं**) दिन र दरभाउ पत्रको हकमा **१६ औं(सोह्रौं**) दिनको १२:०० बजे भित्र यस कार्यालयको नाम सम्बोधन गरि ठे.न.,कामको विवरण, बोलपत्र/दरभाउ पत्र दाताको नाम,ठेगाना र सम्पर्क नं.समेत खुलाइ फर्मको छाप तथा लाहाछाप शिलवन्दी गरी यस न.पा.कार्यालयमा दर्ता गराउनु पर्नेछ।

३.निर्माण सम्बन्धी इजाजत पत्र,फर्म दर्ताको प्रमाण पत्र,भ्याट दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी बोलपत्र/दरभाउ पत्रसंगै संलग्न गरि पत्र दाखिला गर्नु पर्नेछ।

४. बोलपत्र/दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. बोलपत्र/दरभाउ पत्र दाताले बोलपत्र/दरभाउ पत्रको साथ बोलपत्र/दरभाउ पत्रमा कबुल गरेको रकमको कम्तिमा २.५% ले हुन आउने रकममा नघटाई यस न.पा.का ने.वै.लि.,थिमि ग-३-२३३०३०००००००३००००१ खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा क वर्गको बैंकले यस न.पा.को नाममा जारी गरेको कम्तिमा ९०(नब्बे) दिन मान्य अवधिको बोलपत्र/दरभाउ पत्र जमानत पेश गर्नु पर्नेछ।

६. बोलपत्र/दरभाउ पत्र दाताले बोलपत्र/दरभाउ पत्रमा भ्याट बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ , आईटम वाइज दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ , अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा बोलपत्र/दरभाउ पत्र दाताको सहीछाप हुनु पर्नेछ।

७. **कुनै शर्त राखी पेश गरेको,सुचनाको शर्त विपरीत भएको,कार्यालयबाट उपलब्ध बोलपत्र/दरभाउ पत्र फाराममा कुनै थपघट गरिएको,रित नपुगेको म्याद नाघि पेश भएको बोलपत्र/दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन तथा बोलपत्र/दरभाउ पत्र आँशिक/पूर्ण रुपमा स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।**

८. **एक फर्मको नाममा खरिद गरेको बोलपत्र/दरभाउ पत्र फाराम अर्को व्यक्ति/फर्मको नामवाट दाखिला गर्न पाईने छैन।**

९. **बोलपत्र/दरभाउ पत्र दाताहरुलाई आफ्नो बोलपत्र/दरभाउ पत्र दाखिला गर्नु अगावै योजना स्थल निरीक्षणको लागि सुझाव दिईएको छ।**

१०. **यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ बमोजिम हुनेछ।**

| ठेक्का नं. | योजनाको नाम | वडा नं. | लागत अनुमान (भ्याट,कन्टेन्जेन्सी र मेन्टिनेन्स बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १४/०७४/७५ | अरनिको राजमार्गको सर्भिस ट्र्याकबाट वनदेवी मन्दिर पूर्वको वाटो हुँदै वप्पा ध्वाखासी सम्मको सडक विस्तार कार्य | ४ | ४१,३२,०५९.९४ | ३०००।- |
| १५/०७४/७५ | सानुटार सरस्वतीखेल सडक विस्तार कार्य | ९ | ४८,९७,४५१.८६ | ३०००।- |
| १६/०७४/७५ | कमलधारा हाईटबाट गठ्ठाघर जाने सिलवाल टोलसम्मको वाटो पिच | ३ | ८,१३,९६९.५४ | १०००।- |
| १७/०७४/७५ | ८ नं. वडा कार्यालय दक्षिण सभाहल मर्मत निर्माण | ८ | १०,११,४२२.८६ | १०००।- |
| १८/०७४/७५ | कुण्डोल भगवती मन्दिर दक्षिण तर्फको सार्वजनिक जग्गामा रिटेनिङ्ग वाल निर्माण | ६ | ४९,५०,०००.०० | ३०००।- |
| १९/०७४/७५ | औषधी खरिद(दरभाउ पत्रमा उल्लेख भए बमोजिम) | | **बढीमा रु ११,६०,०००।-** | १०००।- |